# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (तेह्रौं बैठक)

## मिति : २०७६/०३/०१, साँझ ५.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा साँझ ५ बजेर ५२ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/०७७ को राजस्व र व्ययको वार्षिक अनुमानको १ प्रति गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम १२९ को उपनियम (२) बमोजिम सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय, नेपालको संविधानको धारा २०७ को उपधारा १ तथा गण्डकी प्रदेश प्रदेश, सभा नियमावली २०७४ को नियम १२९ को उपनियम १ बमोजिम मिति २०७६ साल असार १ गते सभा समक्ष प्रस्तुत भएको आर्थिक वर्ष ०७६/७७ को राजस्व र वार्षिक अनुमानको प्रति प्रदेश सभा नियमावलीको नियम १२९ को उपनियम (२) बमोजिम सभा समक्ष प्रस्तुत गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई अर्थिक विधेयक २०७६ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम  १४० को उपनियम (१) बमोजिम सभा सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय,

गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम १४० को उपनियम १ बमोजिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न बनेको विधेयक, बनेको आर्थिक विधेयक २०७६ सभा समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

**माननीय सभामुख**

**माननीय सदस्यहरु, अब यो बैठक २०७६ साल असार २ गते दिनको २.०० बजे सम्मको लागि स्थगित हुन्छ ।**